त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति :- २०८१/११/०५

विषयः बैठकको निर्णय सार्वजनिक गरिएको ।

यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८१ फागुन २ गतेको बाह्रौं बैठकका महत्वपूर्ण निर्णयहरुको संक्षिप्त व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि तपसिल अनुसार सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | • गाउँपालिकाको वडा नं. ३ र ४ मा सञ्चालित चुनढुंगा खानीहरुले नेपाल सरकार र त्रिवेणी गाउँपालिकालाई बुझाउनु पर्ने राजश्व तथा करको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा कार्यदल गठन गर्ने । | |
| २ | • गाउँपालिका क्षेत्रभित्र जुवा खेल्ने खेलाउने, मदिरा सेवन गरी सार्वजनिक स्थानमा शान्ति भङ्ग गर्ने, खोलामा करेन्ट लगाई तथा विषादी प्रयोग गरी माछा मार्ने कार्यलाई नियन्त्रण गर्ने र सो को लागि सहयोग गर्ने प्रहरी चौकीलाई प्रोत्साहन उपलब्ध गराउने । | |
| ३ | • आगामी आर्थिक वर्षमा यस गाउँपालिकामा संघीय सरकारसँगको सहकार्यमा सञ्चालन हुने समपूरक तथा विशेष अनुदानका योजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने । | |
| ४ | • स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत यस गाउँपालिका सञ्चालन हुने योजना तथा गाउँपालिकाका अन्य सबै योजनाहरुलाई प्रभावकारी बनाउन आवश्यक कार्यविधि तथा निर्देशिकाहरु स्वीकृत गर्ने । | |
| ५ | • स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा सञ्चालन हुने ८ वटा आयोजनाहरु नियमानुसारको प्रक्रिया पूरा गरी छनौट गर्ने । | |

(कविराज बुढा)
प्रवक्ता